प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय
नक्टाझिज, धनुषा

# कृषि सडक निर्माण कार्यक्रम संचालन सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/२/०४

कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम आ.व.२०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २का स्थानिय तह वा उपभोक्ता समिति वा कृषि उत्पादनमा संग्लन फर्म/उद्यमीको एकल वा संयुक्त लागत साझेदारीमा कृषि सडक (१३ फिट देखि २४ फिट सम्म चौडाइ भएको निर्धारीत लम्बाईमा ग्रेभल बाटो) निर्माणको लागि तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७७/०२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ।हाल यस कार्यक्रमको लक्ष्य एक कृषि सडक नि र्माण गर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।
२. फर्म/कम्पनिको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
३. आयोजना प्रस्ताव (उदेश्य, औचित्य, सम्भाव्यता, ईन्जिनियरीङ्ग डिजाईन/ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण)।
४. आयोजनाको ईन्जिनियरीङ्ग डिजाईन (ड्रईङ्ग/स्पेशिफिकेशन) र लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम १५ प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने।
५. स्थानिय तह वा उपभोक्ता समिति वा सझेदारी फर्म/कम्पनिको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।
६. उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि।
७. कृषि सडक निर्माण आयोजनाले ओगट्ने जग्गाका जग्गा धनीहरुको कित्ता नं खुलेको विवरण।
८. आयोजनाको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा बाटो कायम गर्न स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस।
९. प्रस्तावित स्थलमा कृषि सडक निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र।
१०. निर्देशनालयले आवश्यक ठानेमा थप कागजातहरु जस्तै जग्गाको नक्शा, चारकिला सिफारिश पत्र, जग्गाको फिल्डवुक उतार आदी मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात नबुझाउन सके समझौता गरिने छैन।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि प्रसार अधिकृत श्री परमानन्द चौधरी (मो.न. ९८५१२२१२७५) वा अधिकृत छैठौं श्री नथुनी यादव (मो.न. ९८२७७१२७०७) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा
निमित्त प्रमुख
रत्न कुमार झा
निमित्त प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

# साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०२/०४

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम देहायका कार्यक्रम संचालनको लागि २०७७/०२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी प्रस्ताव/आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रमको संख्या मांग र वजेट उपलब्धता अनुसार फरक हुन सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। यस सम्वन्धमा विस्तृत जानकारी र प्रस्ताव/आवेदन पत्र यस निर्देशनालयको वेभसाईट **add.p2.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | न्युनतम साझेदारी | साझेदार |
|---|---|---|---|---|
| १ | निजि, सार्वजानिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान | ४० | १५ प्रतिशत | ईच्छुक कृषक(हरु) / कृषक समुहर कृषि सहकारी संस्था / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |
| २ | कृषि सडक निर्माण | १ | १५ प्रतिशत | स्थानिय तह र उपभोक्ता समिति / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |